# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१२ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

हुलाक सेवा विभाग अन्तर्गत रहेको नेपाल फिलाटेलिक ब्यूरो, सुन्धारामा कार्यरत नायव सुब्बा मणि कुमार श्रेष्ठले दैनिक टिकट बिक्री वापतको रकम राजश्वमा दाखिला नगरी टिकट मौज्दात देखाई रकम हिनामिना गरेको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा कर्मचारी संकेत नं ११७३६१ का नायव सुब्बा मणि कुमार श्रेष्ठ २०६५/१०/२९ गते देखि नेपाल फिलाटेलिक ब्यूरो, सुन्धारामा कार्यरत रहँदा आफ्नो जिम्मामा रहेका हुलाक टिकट तथा हुलाक बस्तुहरु मध्ये रु १,१६,६९,२८८।४३ (एक करोड सोह्र लाख उनान्सत्तरी हजार दुई सय अठासी रुपैयाँ त्रिचालिस पैसा ) मुल्य बराबरको नेपाल सरकारको सम्पत्ती हुलाक टिकट तथा हुलाक बस्तुहरुको वदनियत गरी हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरी गराई मासी भ्रष्टाचारजन्य कसुर गरेको सप्रमाण पुष्टी हुन आई निज ना.सु. मणि कुमार श्रेष्ठले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएको हुँदा निज ना.सु. मणि कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना, हानि नोक्सानी, दुरुपयोग गरे गराएको एवं मासेको सम्पत्ती हुलाक टिकट तथा हुलाक बस्तुहरुको हुने बिगो रु. १,१६,६९,२८८।४३ (एक करोड सोह्र लाख उनान्सत्तरी हजार दुई सय अठासी रुपैयाँ त्रिचालिस पैसा ) असुल उपर गरी पाउन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम निज ना.सु. मणि कुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय ( झ ) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता